नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक १४८ २०८० साल पुस २७ गते शुक्रबार (12 Jan. 2024 Friday) मूल्य रु. ५/-

शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : स्वास्थ्य बीमा बोर्ड स्वास्थ्य... ३ पृष्ठमा : पेट्रोलियम कारोबारको एकाधिकार ... ३ पृष्ठमाशेख हसिना नयाँ प्रधानमन्त्री...

## शितलहरले जनजिवन कष्टकर बन्दै जाँदा छैन स्थानीय तहको पूर्वतयारी



फायल तस्बिर

**नवीनकुमार गुप्ता**
**राजविराज, २६ पुस ।**

विगत चार दिनदेखी चलेको चिसो हावासँगै शितलहरले सप्तरीसहित देशैभरी जनजिवन कष्टकर बन्दै गएको छ । बिहीबार जिल्लामा यो वर्ष कै सर्बाधिक चिसो महसुस गरिएको छ ।

यता चिसोले जनजिवन कष्टर बन्दै जाँदा जिल्लाको अधिकांश स्थानीय तहले विपद्को पूर्वतयारी गरेको देखिन्न् । कतिपय स्थानीय तहले गरिब, असाहय, विपन्न वर्ग लगायतलाई न्यानो कपडाको व्यवस्था गर्न सकेको छैन् ।

यस्तै शरीरलाई न्यानो पार्न सार्वजनिक स्थलमा दाउराको प्रबन्ध समेत मिलाउन सकेको छैन् । जबकी हरेक स्थानीय तहमा विपद् कोषको व्यवस्था हुन्छ । तर, स्थानीय तहको हेलचक्राईले हालसम्म ती समुदायका लागि न्यानो कपडाको व्यवस्था त परै जाओस् दाउरा बाल्ने प्रबन्ध पनि मिलाउन सकेको देखिन्न् ।

राजविराज नगरपालिकाले गत वर्ष चिसोको सुरुवातसँगै सार्वजनिक स्थानमा दाउरा बाल्ने व्यवस्था मिलाएको थियो । यस पटक त्यस्तो प्रबन्ध मिलाएको देखिदैन् ।

यस्तै रुपनी गाउँपालिकाले बिहीबार एक सूचना प्रकाशित गरि दाउरा खरीद गर्न सात दिनको समय राखेर टेण्डर आह्वान गरेको छ । जबकी जिल्लामा मौसमको अवस्था अनुमान गर्ने त्यस्तो कुनै यन्त्र छैन् । जसले आउँदो सात दिनमा चिसो बढ्ने कुराको संकेत दिन सक्छ । सात दिनमा चिसो अझ बढ्न सक्ने उद्देश्यले सूचना प्रकाशित गरेको जस्तो देखिन्छ । अनि सात दिनपछि दाउरा खरीद गरेर आफ्ना जनतालाई न्यानोको अनुभूती दिने बुझिन्छ ।

यस सम्बन्धमा गाउँपालिका अध्यक्ष दिनेश कुमार यादवले डिभिजन वन कार्यालयमा दाउरा नरहेको बताउँदै त्यसका लागि रौतहटबाट खरीद गर्नु पर्ने बाध्यता आएकोले यस्तो सूचना जारि गरिएको जानकारी दिए ।

यस्तै जिल्लाको अन्य स्थानीय तहहरुले पनि विपदको पूर्वतयारी गरेको देखिदैन । चिसो बढेपछि विपन्न जनतालाई राहत दिन न्यानो कपडा र आगो बाल्ने प्रबन्ध मिलाउने बारे स्थानीय तह अझै अन्यौलमै छन् ।

श्रोतका अनुसार डिभिजन वन कार्यालय सप्तरीमा दाउराको आवश्यक मौज्दात नहुँदा सबै पालिका पूर्वतयारी गर्नबाट चुकेका छन् । पालिकाहरु हरेक वर्ष झै यस पटक पनि डिभिजन वन कार्यालयकै भरमा परेका थिए ।

चिसो बढेपछि जिल्लाका अधिकांश स्थानीय तहका विद्यालयहरुले बिदा दिएको छ । बिहीबार अत्याधिक चिसो बढेपछि राजविराजका विद्यालयहरुले टिफिनमै बिदा दिँदै एक साताका लागि विद्यालय बन्द गरेको जानकारी दिएको छ ।

यता बाक्लो हुस्सु र निरन्तर चलिरहेको चिसो हावाले स्थानीयको दैनिक जीवनयापन कष्टकर बन्दै गएको छ । विहानै देखी चल्ने शितलहर र हुस्सुका कारण घरबाट मानिस कमै निस्किदा सडकमा चलह पहल निकै घटेको छ भने अस्पताल तथा स्वास्थ्य चौकीहरुमा दम, झाडापाखा, रुघाखोकीका विरामीको चाप बढेको स्वास्थ्यकर्मीहरु बताउँछन् ।

चिसोबाट विशेष गरी अतिविपन्न, मुसहर र दैनीक ज्यालादारी गरेर गुजारा चलाउने परिवार सबै भन्दा बढी प्रभावित भईरहेका छन । अतिविपन्न मुसहर तथा डोम समुदायले जाडो छल्न अधिकांश समय आगो तापेर बसिरहेका छन् । बाक्लो हुस्सुले भिजीविलीटी कम भएपछी पुर्वपश्चिम राजमार्ग सहित बजार र ग्रामिण क्षेत्रको भित्री सडकमा चल्ने सवारी साधन विहान र दिउसै पनि बत्ति बालेर गुडिरहेका छन् । ट्राफिक प्रहरीले पनि यस्तो मौसममा सावधानी अपनाएर सवारी साधन गुडाउन अनुरोध गरिरहेको छ ।

जाडोबाट जोगिन न्यानो कपडा लगाउन, तातो झोलिलो खाने कुरा खान र अत्यावश्यक काम बाहेक बाहिर ननिस्कन चिकित्सकहरुले सुझाव दिएका छन् ।

## पत्रकार राई र यादव सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, २६ पुस ।**

नेपाल पत्रकार महासंघ शाखा सप्तरीद्वारा स्व.पत्रकार लोकेन्द्र बुढाथोकीको स्मृति एवं सम्मानमा स्थापना गरिएको पत्रकारीता पुरस्कारबाट पत्रकार डम्बर राई सम्मानित भएका छन् ।

बिहीबार महासंघको सभाकक्षमा आयोजित ३० औं लोकेन्द्र स्मृति दिवसमा आयोजित कार्यक्रममा २८ औं लोकेन्द्र स्मृति पुरस्कारबाट पत्रकार राई सम्मानित भएका हुन् । पुरस्कारको राशी ५ हजार ५ तथा कदरपत्र रहेको छ । पत्रकार राई प्रेस चौतारी सप्तरीका अध्यक्ष समेत हुन् ।

यस्तै प्रेस स्वतन्त्रता सेनानी

*बाँकी अन्तिम पृष्ठमा*

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौ ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

**आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं।**

- इ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्नुभन्दा अगाडि बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं, गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यानसमेत जान सक्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### चिसोबाट बच्न प्रबन्ध मिलाउन स्थानीय तह गम्भिर बन

अहिले मुलुकभर चिसो हावाका साथै सितलहर बढ्दै गएको छ । बिहानैदेखी चिसो हावासँगै सितलहर बढेपछि जनजिवन प्रभावित बन्दै गएको छ । यस्तो अवस्थामा सबैभन्दा बढी प्रभावित बालबालिका र बृद्धबृद्धा भइरहेका छन् । गरिब, निमुखा तथा विपन्न वर्गका व्यक्तिहरु पनि चिसोको मौसममा निकै प्रभावित भइरहेका छन् । उनीहरुका लागि न्यानो लुगाका साथै जिऊ तातोका निम्ति स्थानिय स्तरबाट दाउराको प्रबन्ध मिलाउनु अति आवश्यक छ ।

उनीहरुलाई चिसोबाट बच्नका लागि न्यानो लुगाको अभाव भइरहँदा सहयोगि हातहरुको खाँचो रहेको छ । हरेक वर्ष जाडोको मौसममा हुने अत्याधिक चिसोका कारण जनजिवन प्रभावित हुन पुग्छ । तर, ती वर्गका जनताहरुलाई यसरी नै सधैं न्यानो लुगाको अभाव हुने गर्दछ । दुई छाक खान धौं धौं हुने ती वर्गका व्यक्तिका लागि सम्बन्धी निकायले सहयोग गर्नु पर्ने देखिन्छ ।

यसका लागि हरेक वर्ष स्थानिय तहले उनीहरुको सहयोगका लागि तत्परता देखाएपनि ठोस रुपमा समस्या समाधानका लागि दिर्घकालिन सोच बनाएको देखिदैन् । तसर्थ यसका लागि पालिकाहरुले दिर्घकालिन नीति निर्माणदेखी कार्यान्वयनसम्मको नीति बनाउनु अति आवश्यक छ ।

# स्वास्थ्य बीमा बोर्ड स्वास्थ्य सुविधा योजनाको दायरा बढाउँदै

काठमाडौं, २६ पुस (रासस) ।

स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य बीमा कार्यक्रमको सुविधा योजनाको दायरा बढाउने भएको छ । बिहीबार यहाँ आयोजित पत्रकार सम्मेलनमा बोर्डका कार्यकारी निर्देशक डा दामोदर बसौलाले योगदान रकममा पुनरावलोकन गरी स्वास्थ्य सुविधाको दायरा बढाइने बताउनुभयो ।

“समयानुसार स्वास्थ्य बीमाका कार्यक्रमलाई हामीले परिमार्जन गर्दै लगिरहेका छौँ”, उहाँले भन्नुभयो, “त्यहीअनुसार बिमितलाई ध्यान दिँदै स्वास्थ्य कार्यक्रमका दायरा पनि बढाउने तयारीमा छौँ ।” अहिले पाँच जनाको परिवारसम्म सदस्य भएका परिवारले बार्षिक रु तीन हजार पाँच सयको योगदान रकम तिरी रु एक लाखसम्मको सुविधा लिनसक्ने व्यवस्था छ ।

पहिलो सामाजिक सुरक्षा कार्यक्रम हुँदा रु दुई हजार पाँच योगदान रकम रहेको थियो । त्यसबापत रु ५० हजार बराबरको स्वास्थ्य सेवा लिन पाउने व्यवस्था रहेको थियो । उहाँले भन्नुभयो, “अहिले स्वास्थ्य बीमा ऐन विनियमावली आएपछि रु दुई हजार पाँच सयबाट रु तीन हजार पाँच सय योगदान रकम बनाइयो र रु ५० हजारबाट रु एक लाख बराबरको स्वास्थ्य सुबिधा पाउने व्यवस्था गरियो, अहिले पनि हामीले थोरै रकम तिर्ने निश्चित र धेरै रकम तिर्नेलाई धेरै सुबिधा प्रदान गर्ने भन्नेमा छलफल भइरहेको छ ।”

बोर्डले कार्यक्रमको दायरा बढाउनका लागि बोर्डका सदस्य डा मुक्तिराम श्रेष्ठलाई एक महिनाभित्रमा प्रतिवेदन पेस गर्न जिम्मेवारी तोकेको छ । यस्तै बोर्डले स्वास्थ्य बीमा कार्यक्रमको सुविधाको थैलीको औषधिको शुल्क पनि पुनरावलोकन गर्ने भएको छ ।

बोर्डका सदस्य जुनु श्रेष्ठलाई एक महिनाभित्र कार्यक्रमको सुविधाको थैलीमा भएको औषधि र सेवाको मूल्यको पुनरावलोकन कार्य गर्न जिम्मेवारी दिइएको छ । बिमितको सङ्ख्या बढाउन प्रत्येक स्थानीय तहमा स्थानीय स्वास्थ्य बीमा संयोजन समिति गठन गरेर स्थानीय तहमा बीमाबारे जनचेतना जगाउने र बिमित सङ्ख्या बढाउने उहाँको भनाइ छ । उहाँले प्रत्येक वडामा रहेका दर्ता सहयोगीले बिमितलाई बीमा कार्यक्रमबारे बुझाउने र सहभागिता गराउने बताउनुभयो ।

बोर्डका अध्यक्ष डा गुणराज लोहनीले स्वास्थ्य मन्त्रालयअन्तर्गतका सबै स्वास्थ्य सुरक्षाका कार्यक्रमलाई स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत ल्याउन पहल गरिने बताउनुभयो । अहिले सामाजिक सुरक्षा कोष, नागरिक लगानी कोषलगायतका कार्यक्रममार्फत पनि स्वास्थ्य बीमा गरिएको छ ।

सरकारले २०७२ चैत २५ गते गुणस्तरीय स्वास्थ्य सेवालाई जनस्तरसम्म पुर्याउनका लागि स्वास्थ्य बीमा कार्यक्रम लागू गरेको हो । अहिले ७७ जिल्लामा लागू गरिएको स्वास्थ्य बीमा कार्यक्रममार्फत एकदेखि पाँच जनासम्मको परिवारले प्रत्येक वर्ष बिमितबापत रु तीन हजार पाँच सय र पाँच जनाभन्दा बढी भएको खण्डमा प्रत्येक एक बराबर थप रु सात सय थप्नुपर्ने छ ।

अहिलेसम्म कुल ७४ लाख ६६ हजार सात व्यक्ति बीमामा आबद्ध रहेका र तीमध्ये ३४ लाख ७६ हजार सात सय ७८ जनाले बीमा कार्यक्रममार्फत स्वास्थ्य सेवा लिएको बोर्डका सूचना अधिकारी ओमकुमारी कँडेलले जानकारी दिनुभयो । उहाँका अनुसार अहिले सक्रिय बिमित ४८ लाख ५९ हजार पाँच सय १५ जना रहेका छन् ।

# सामाजिक सुरक्षा कोषलाई सबै नागरिकसम्म पुऱ्याउन आग्रह

काठमाडौं, २६ पुस (रासस) ।

सरकारले लागू गरेको सामाजिक सुरक्षा कोषलाई सबै नागरिकसम्म पुऱ्याउन सरोकार भएकाले आग्रह गरेका छन् ।

सामाजिक सुरक्षा कोष र नेपाल घरेलु तथा साना उद्योग महासङ्घबीच बिहीबार भएको औपचारिक क्षेत्रका श्रमिकको सामाजिक सुरक्षा बिषयमा अन्तर्क्रिया कार्यक्रममा सरोकार भएका निकायका अधिकारीले सो आग्रह गरेका हुन् ।

कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवल भण्डारीले नेपालको संविधानमा उल्लेखित सामाजिक सुरक्षासम्बन्धी हकलाई कार्यान्वयन हुनेगरी सरकारले अघि बढाएको यस कार्यक्रममा आबद्ध हुन सबैलाई आह्वान गर्नुभयो । साथै उहाँले सामाजिक सुरक्षा कार्यक्रमलाई सबै नागरिकसम्म पुर्‍याउन मन्त्रालयबाट आवश्यक समन्वय र सहयोगमा कुनै कमी हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले कोषको महत्वबारे प्रकाश पार्दै कोषमा आबद्ध हुने प्रक्रिया र अवस्थाका बारेमा जानकारी गराउनुभएको थियो । घरेलु तथा साना उद्योग महासङ्घका निवर्तमान अध्यक्ष श्यामप्रसाद गिरीले कोषमा आबद्ध हुँदा देखिने चुनौती सामना गर्न आवश्यक सहयोगका लागि सरकारसँग आग्रह गर्नुभएको थियो । संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी) का पूर्व अध्यक्ष विनोद श्रेष्ठले कोषमा थप रोजगारदातासमेत समेट्नुपर्ने ध्यानाकर्षण गराउनुभयो ।

सामाजिक सुरक्षा कोषको स्थापना सामाजिक सुरक्षा ( व्यवस्थापन कोष तथा सञ्चालन) नियमावली, २०६७ जारी भई सोबमोजिम २०६७ साल चैत ७ गते भएको हो । कोषले स्थापनाकालदेखि सामाजिक सुरक्षा करको व्यवस्थापन गर्दै आएकामा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ जारी भएपछि सो ऐनबमोजिम कार्य गर्दै आएको छ ।

सबै श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराई उनीहरूको आर्थिक तथा सामाजिक जोखिमको न्यूनीकरण गर्ने, सर्वव्यापी सामाजिक सुरक्षाको अवधारणालाई मूर्तरूप दिने तथा योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिक हकलाई सुनिश्चित गर्ने दिशातर्फ कोषका कार्यक्रम लक्षित छन् ।

# कक्षा १० को एसइई खारेज नगर्न बोर्डको आग्रह

काठमाडौं, २६ पुस (रासस) ।

राष्ट्रिय परीक्षा बोर्डले साबिकको माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (एसइई) लाई कायमै राख्न प्रतिनिधिसभाको शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिसमक्ष आग्रह गरेको छ ।

विद्यालय शिक्षा विधेयक, २०८० माथि सुझाव दिने क्रममा बिहीबार राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा महाश्रम शर्माले हाल सञ्चालन भइरहेको परीक्षालाई कायम राख्न र यसलाई प्रदेश सरकारबाट सञ्चालन गर्न सुझाव दिनुभयो । उहाँले हरेक दुई/दुई बर्षमा बाह्य परीक्षा हुनुपर्ने भएकाले कक्षा ८ पछि एकैपटक कक्षा १२ को परीक्षा लिने गरी राखिएको विधेयकको प्रस्ताव उचित नभएको बताउनुभयो ।

कक्षा १० मा बोर्ड परीक्षा नलिँदा कक्षा १२ मा अनुत्तीर्ण विद्यार्थीको दर झन बढ्नसक्ने र अनुत्तीर्ण हुँदा विद्यार्थीमा मनोवैज्ञानिक असर पर्नसक्ने औंल्याउँदै शर्माले परीक्षाको स्तर र स्वीकार्यता नभएमा त्यसले अन्तर्राष्ट्रियस्तरमा मान्यता नपाउने भएकाले कानुन बनाउँदा त्यसमा ध्यान दिन आग्रह गर्नुभयो ।

समितिको बिहीबार सिंहदरबारमा बसेको बैठकमा बोर्डका पाठ्यक्रम बिकास केन्द्रका महानिर्देशक वैकुण्ठ अर्यालले पाठ्यक्रमलाई समयसापेक्ष परिमार्जनको प्रक्रिया जारी रहेको बताउनुभयो । उहाँले स्थानीय तथा मातृभाषाका पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तह र शिक्षकको क्षमता विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

महानिर्देशक अर्यालले पाठ्यक्रममा राष्ट्र, राष्ट्रियता र मूल्यमान्यताका विषयवस्तुलाई थप्नुपर्ने महसुस गरिएको उल्लेख गर्दै हरेक पाँच/पाँच बर्षमा पाठ्यक्रम अनिवार्य परिबर्तन हुने गरेको बताउनुभयो ।

बैठकमा सांसदहरुले पाठ्यक्रमले विद्यार्थीलाई देशभक्तिको भाव, सीप र सक्षमता तथा रोजगारी दिन सक्नुपर्नेमा जोड दिँदै युवा विदेश पलायनका कारण कतै पाठ्यक्रम र परीक्षाको कमजोरी त होइन भन्ने प्रश्नमा अनुसन्धान गर्न माग गर्नुभयो । उहाँहरुले सरुवा रोगको सचेतना, ट्राफिक नियम, सामाजिक, सांस्कृतिक र धार्मिक मूल्य, मान्यताका विषयलाई पाठ्यक्रममा समावेश गर्न पनि आग्रह गर्नुभयो ।

समितिका सभापति भानुभक्त जोशीका अध्यक्षतामा भएको बैठकमा सदस्य डा चन्द्र भण्डारी, बद्री पाण्डे, डा तोषिमा कार्की, विद्या भट्टराई, सरिता भुसाल, डा कालुराम राईलगायतले आमन्त्रित पदाधिकारीसँग जिज्ञाशा राख्दै विद्यालय शिक्षालाई गुणस्तरीय र सीपमूलक बनाउन पाठ्यक्रम र परीक्षा प्रणालीमा सुधार हुनुपर्ने बताउनुभएको थियो ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# पेट्रोलियम कारोबारको एकाधिकार पाएको निगम चवन्न वर्षमा

काठमाडौँ, २६ पुस (रासस)।

मुलुकमा पेट्रोलियम पदार्थको आयात, भण्डारण र वितरणको एकाधिकार पाएको नेपाल आयल निगम बिहीबारदेखि ५४औँ वर्षमा प्रवेश गरेको छ।

करिब डेढ दशकदेखि डिजेल, पेट्रोल र मट्टितेलको आयात, भण्डारण र बिक्री निजी क्षेत्रलाई खुला गरिएको भए पनि एलपी ग्यासको कारोबारबाहेक अन्य पेट्रोलियम पदार्थको कारोबारमा निजी क्षेत्रको सहभागिता हुनसकेको छैन। निगमले विराटनगर, भद्रपुर, अमलेखगञ्ज, वीरगञ्ज, जनकपुर, थानकोट, मन्थली, भैरहवा, नेपालगञ्ज, पोखरा, दाङ, सुर्खेत, दिपायल र धनगढीबाट पेट्रोलियम पदार्थको कारोबार गरिरहेको छ।

निगम केन्द्रीय कार्यालय टेकुमा बिहीबार आयोजित कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले सरोकारवालासँगको छलफलका आधारमा निगमलाई थप सुदृढ बनाएर लगिने घोषणा गर्नुभयो। निगमले आफ्नो सेवालाई चुस्त बनाउँदै लैजानुपर्नेमा जोड दिँदै उहाँले भण्डारण क्षमता विस्तारमा ध्यान दिन आग्रह गर्नुभयो।

निगम सञ्चालक समितिका अध्यक्ष एवं आपूर्तिसचिव नारायणप्रसाद शर्मा दुवाडीले निगमलाई सबल र सक्षम संस्थाका रूपमा विकास गर्न विभिन्न चुनौती रहेको औँल्याउँदै दायित्वमुक्त हुँदैमा वित्तीय अवस्था सुदृढ भनेर ढुक्क हुन नहुनेमा सचेत गराउनुभयो। उहाँले व्यावसायिक छवि उकास्न तथा नागरिकप्रतिको दायित्व पूरा गर्न नीतिगत सुधार आवश्यक रहेको बताउनुभयो।

नेपाल पेट्रोलियम डिलर्स एशोसिएसनका अध्यक्ष लिलेन्द्रप्रसाद प्रधान, नेपाल एलपी ग्यास उद्योग सङ्घका अध्यक्ष शिवप्रसाद घिमिरे र नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासङ्घका अध्यक्ष मनोजकुमार दासले निजी क्षेत्रलाई पनि सँगसँगै लिएर अघि बढ्न सुझाव दिनुभयो।

त्यस अवसरमा मन्त्री रिजालले उत्कृष्ट कर्मचारीलाई पुरस्कार प्रदान गर्नुका साथै निगमको ५४औँ वार्षिकोत्सवका अवसरमा प्रकाशित मुखपत्र 'प्रभात'को विमोचन गर्नुभयो। वार्षिकोत्सवका अवसरमा आयोजित विभिन्न खेलकुद प्रतियोगिताका विजयीलाई पुरस्कार, प्रमाणपत्र तथा पदक प्रदान गरिएको थियो।

निगमले मुलुकका विभिन्न स्थानमा ७९ हजार नौ सय ९० किलोलिटर क्षमताका भण्डारण ट्याङ्करमा आयातित इन्धन भण्डारण गरी बिक्री वितरणको व्यवस्था मिलाइरहेको छ। निगमसँग १३ हजार छ सय ६२ किलोलिटर पेट्रोल, ४५ हजार आठ सय ४८ किलोलिटर डिजल, दुई हजार छ सय ९५ मट्टितेल र आठ हजार आठ सय १५ किलोलिटर हवाई इन्धन भण्डारण क्षमता छ।

सरकारी स्वामित्वको निगमसँग १३ दिनको माग धान्न सक्ने भण्डारण क्षमता छ। निगमले इन्डियन आयल कर्पोरेसनबाट वार्षिक करिब रु ३० लाख किलोलिटर पेट्रोलियम पदार्थको आयात गर्ने गरेको छ। निगमले आव २०७९/८० मा करिब रु १६ अर्ब नाफा गरेको निमित्त कार्यकारी निर्देशक नागेन्द्र साहले जानकारी दिनुभयो। पेट्रोलियम पदार्थको मूल्यमा भएको अत्यधिक वृद्धिले आव २०७८/७९ मा निगमले रु ४९ अर्ब नोक्सानी व्यहोरेको थियो। आव २०७९/८० को अन्त्यमा निगमको सञ्चित नोक्सानी रु चार अर्ब ९४ करोड रहेको उहाँको भनाइ छ।

अन्तरराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घट्नु तथा मितव्ययी कदमले वित्तीय अवस्थामा सुधार भई निगम दायित्वमुक्त भएको निमित्त कार्यकारी निर्देशक साहले बताउनुभयो। "निगम सम्पूर्णरूपमा दायित्वमुक्त भएको छ, वित्तीय अवस्था सुदृढ बनेको छ, हाल सम्पूर्ण ऋणमुक्त भएको छ", उहाँले भन्नुभयो। गुणस्तरीय पेट्रोलियम पदार्थ सर्वसुलभ मूल्यमा उपलब्ध गराउन निगम क्रियाशील रहेको उहाँले बताउनुभयो छ।

कुल अधिकृत पुँजी रु ३० अर्ब र चुक्ता पुँजी रु ११ अर्ब रहेको निगममा नेपाल सरकारको ९८ दशमलव ३८ प्रतिशत सेयर रहेको छ। निगमले गत आव २०७९/८० मा करिब रु तीन खर्ब ८३ अर्बको कारोबारमार्फत सरकारलाई रु एक खर्ब १५ अर्ब राजस्व भुक्तानी गरी मुलुकको अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्‍याएको छ।


राजबिराज नगरपालिका
६ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

पत्र संख्या : २०८० ०८१
चलानी नं. ५८१

मिति :- २०८०।०९।२४

सुचना...। सुचना...। सुचना...।

उपरोक्त सम्बन्धमा राजविराज न.पा. को आ.ब. २०८०/०८१ को नगरसभा बाट स्वीकृत वडा स्तरीय योजना अन्तर्गत वडा न. ६ को सिपमुलक तालिम ( जीप, कार, ड्राईविंग ) तालिमको लागि रा. बि. न. पा. वडा न. ६ भित्रका ईच्छुक व्यक्तिहरुले रा. बि. न. पा. वडा न. ६ मा १५ पन्द्र दिन भित्र आबेदन पेश गर्न हुन अनुरोध छ।

आबेदनको लागि चाहिने कागजात हरु :

- नेपाली प्रमाण पत्रको प्रतिलिपि
- कम्तिमा ८ कक्षा उतिर्ण भएको हुनुपर्ने .
- उमेर १८ वर्ष पुरा भएको ४५ वर्ष ननाघेको हुनुपर्ने
- सम्पर्क स्थान : रा. बि. न. पा. वडा न. ६ को वडा कार्यालय , सप्तरी

शशी कुमार चौधरी
वडा अध्यक्ष


## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा सांस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल विबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

## विश्व समाचार

### शेख हसिना नयाँ प्रधानमन्त्री नियुक्त

ढाका, २६ पुस (रासस/सिन्ह्वा)।

बङ्गलादेश अवामी लीग पार्टीकी नेतृ शेख हसिनालाई बुधबार नयाँ प्रधानमन्त्रीमा नियुक्त गरिएको छ। बङ्गलादेशका राष्ट्रपति मोहम्मद शहाबुद्दीनले सत्तारुढ अवामी लीगकी नेतृ शेख हसिनालाई देशको नयाँ प्रधानमन्त्री नियुक्त गर्नुभएको हो।

उहाँको यो लगातार चौथो कार्यकाल हो। आवामी लीगले संसद्का बहुमत सदस्यको विश्वास प्राप्त गरेकाले राष्ट्रपतिले उहाँलाई नयाँ सरकार गठनका लागि निमन्त्रणासमेत दिएको क्याबिनेट डिभिजनले राजपत्रमा सूचना जारी गरी जानकारी गराएको छ।

आइतबार सम्पन्न आम निर्वाचनमा प्रधानमन्त्री हसिनाको पार्टीले विजय हासिल गरेपछि उहाँले पार्टीका अन्य सांसद्सहित बुधबार सांसद् पदको सपथ लिनुभएको थियो। निर्वाचन आयोगले मङ्गलबार अपराह्न प्रकाशित गरेको राजपत्रमा प्रकाशित सूचनाअनुसार हसिना नेतृत्वको आवामी लीगले संसद्को २९८ सिटमध्ये २२२ सिट जितेको छ भने उहाँको नेतृत्वको गठबन्धनले २२५ सिट जितेको छ।

### इजरायलले गाजा कब्जा गर्ने लक्ष्य छैन : प्रधानमन्त्री नेतन्याहू

जेरुसेलम, २६ पुस (रासस/सिन्ह्वा)।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले गाजामाथिको कब्जा कायम राख्ने वा प्यालेष्टिनी सर्वसाधारणलाई विस्थापित गर्ने इजरायलको कुनै मनसाय नरहेको बताउनुभएको छ। प्रधानमन्त्री नेतन्याहूले गाजा पट्टीमा प्यालेस्टिनीहरूको कथित नरसंहारको बारेमा हेगस्थित अन्तर्राष्ट्रिय अदालतमा सुनुवाइ सुरु हुनुभन्दा एक दिन अघि उक्त टिप्पणी गर्नुभएको हो। नेतन्याहूले भन्नुभयो, "इजरायलको गाजालाई स्थायी रूपमा कब्जा गर्ने वा त्यहाँका नागरिकलाई विस्थापित गर्ने कुनै मनसाय छैन भन्ने कुरा म स्पष्ट पार्न चाहन्छु।"

उहाँले गाजामा इजरायलले गरेको बमबारी हमासका लडाकूहरुलाई लक्षित गरी गरिएको र हामीले अन्तर्राष्ट्रिय कानुनको पूर्ण पालना गर्दै यस्तो गरिरहेको बताउनुभएको छ। नेतन्याहूले भन्नुभयो, "इजरायली सेनाले नागरिक हताहत कम गर्न सक्दो प्रयास गरिरहेको छ भने हमासले प्यालेस्टिनी नागरिकलाई मानव ढालको रूपमा प्रयोग गरेर उनीहरूलाई अधिकतम बलियो बनाउन सक्दो प्रयास गरिरहेको छ।

"हाम्रो लक्ष्य गाजालाई हमासका 'आतङ्ककारी' लडाकूहरूबाट मुक्त गर्नु र हाम्रा बन्धकहरूलाई मुक्त गर्नु हो," उहाँले भन्नुभयो। अक्टोबर ७ मा हमासले अचानक आक्रमण सुरु गरेयता सयौँ हमास लडाकू र गाजावासीले दक्षिणी समुदायमा आक्रमण गर्दा प्रारम्भिक आक्रमणमा ७९० सर्वसाधारणसहित इजरायलमा करिब एक हजार २०० व्यक्तिको मृत्यु भएको थियो।

हमासले २५३ जनालाई बन्धक बनाएको थियो भने गाजामा १३२ जना अझै पनि रहेका छन्। यसैबीच, हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले जारी विज्ञप्तिमा इजरायली आक्रमणबाट प्यालेस्टिनीहरूको मृत्यु हुनेको सङ्ख्या २३ हजार ३५७ पुगेको र गाजाको २३ लाख जनसङ्ख्यामध्ये करिब १९ लाख विस्थापित भएको जनाएको छ।

### ताइवानको चुनावमा हस्तक्षेप नगर्न अमेरिकालाई चीनको आग्रह

बेइजिङ, २६ पुस (रासस/एएफपी)।

वासिङ्टनले यसै साता हुने निर्वाचनपछि ताइवानमा एक प्रतिनिधिमण्डल पठाउने बताएपछि चीनले स्वशासित ताइवानको चुनावमा हस्तक्षेप नगर्न अमेरिकालाई आग्रह गरेको छ। चीनको विदेश मन्त्रालयका प्रवक्ता माओ निङले चीन-अमेरिका सम्बन्धमा गम्भीर क्षति नपुगोस् भनेर वासिङ्टनले ताइवान क्षेत्रको चुनावमा कुनै पनि प्रकारको हस्तक्षेप नगर्न आग्रह गर्नुभएको छ। वासिङ्टनले स्वशासित टापुमा महत्वपूर्ण निर्वाचनपछि ताइवानमा 'अनौपचारिक' प्रतिनिधिमण्डल पठाउने घोषणा गरेपछि उहाँले भन्नुभयो, "चीनले अमेरिका र ताइवानबीच कुनै पनि प्रकारको आधिकारिक आदानप्रदानको कडा विरोध गर्दछ।"

"ताइवान चीनको अविभाज्य अङ्ग हो," उहाँले भन्नुभयो। माओले बेइजिङसँग चुनावलाई लिएर तनाव नबढाउन अमेरिकाले दिएको चेतावनीको पनि विरोध गर्नुभएको छ। उहाँले भन्नुभयो, "ताइवान क्षेत्रको निर्वाचनलाई लिएर अमेरिकी पक्षले गरेको अनावश्यक तामझामप्रति चीन कडा असन्तुष्टि र विरोध जनाउँछ।" "हामी अमेरिकी पक्षसँग दुई देशका नेताले गरेको प्रतिबद्धता पूरा गर्न व्यवहारिक कदम चाल्न आग्रह गर्दछौँ," उहाँले भन्नुभयो।

### भूकम्पमा परी मृत्यु हुनेको संख्या २१३ पुग्यो, अझै ५२ जना बेपत्ता

टोकियो, १६ पुस (रासस/सिन्ह्वा)।

सन् २०२४ जनवरी १ मा जापानमा गएको ७.६ म्याग्निच्युडको शक्तिशाली भूकम्पले इशिकावालगायत आसपासका क्षेत्रमा मृत्यु हुनेको सङ्ख्या २१३ पुगेको स्थानीय सञ्चार माध्यमहरूले जनाएका छन्। विहिबारसम्म भूकम्पबाट सबैभन्दा बढी प्रभावित इशिकावामा अझै ५२ जना बेपत्ता रहेको पुष्टि भएको छ। यसैगरि भूकम्पका कारण कम्तीमा ५६७ जना घाइते भएको सार्वजनिक प्रसारक एनएचकेले टेलीभिजनले जनाएको छ।

मृत्यु हुनेमध्ये सुजु सहरमा ९८, वाजिमा ८३, अनमिजुमा २०, नानाओमा पाँच, नोटोमा चार, शिका र हाकुई सहरमा एक/एक जनाको मृत्यु भएको अधिकारीहरूले पुष्टि गरेका छन्। क्षेत्रीय सरकारले भूकम्प तथा अन्य आठ प्रकोपसँग सम्बन्धित मृत्युको समेत पुष्टि गरेको छ। भूकम्पको जोखिमबाट बाचेका तर आर्थिक विपन्नताका कारण भूकम्पपछिको शारीरिक र मानसिक पिडा तथा चोटपटकले गर्दा मृत्युवरण गरेको सरकार क्षेत्रीय सरकारले जनाएको छ।

# लागु औषध र झुण्डिएर आत्महत्या गर्ने तथ्याङ्क डरलाग्दो : एसपी बज्राचार्य




**दैनिक समाचारदाता**
**राजविराज, २६ पुस ।**
सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले साइबर क्राइम, लागु औषध जस्ता बिषयहरुमा किशोर किशोरीहरुलाई सचेतना जगाउने कार्य गरेको छ ।

गाउँपालिकाद्वारा बिहीबार आयोजित लागु औषध दुर्व्यबसनविरुद्ध अभिमुखिकरण तथा स्थानीय तहमा अपराध न्युनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रममार्फत सचेतना जगाउन सुरु गरेको हो ।

सप्तरीका प्रहरी उपरीक्षक (एसपी) गजुसिद्धि बज्राचार्यले जिल्लामा लागु औषध र झुण्डिएर आत्महत्या गर्ने तथ्याङ्क डरलाग्दो रहेको बताउदै किशोरकिशोरीमा लागु औषधको कुलत अत्यधिक देखापरेको उल्लेख गरे ।

उनले बिगतको तुलनामा पछिल्लो पाँच महिनामा मुद्दा दर्ता हुने संख्यामा कमी आएको जिकिर गरे । उनले अदालतबाट कैद सजाय तोकिएका ब्यक्तिहरु खुलेआम घुमिरहेका हुन्छन् त्यसकारण सजाय तोकिएका त्यस्ता ब्यक्तिहरुलाई पक्राउ गरी फैसला कार्यान्वयनतर्फ विशेष जोड दिए ।

गाउँपालिका अध्यक्ष अरुण कुमार मण्डलले गाउँपालिका बोर्डर एरिया भएकाले लागु औषध नियन्त्रणका लागि लागिपरेको जानकारी दिँदै गाउँपालिकाले किशोर किशोरी लक्षित सचेतनामूलक कार्यक्रमहरु संचालन गरिरहेको बताए ।

प्रमुख जिल्ला अधिकारी किरण थापाको अध्यक्षतामा आयोजित सो कार्यक्रममा वडा अध्यक्षहरु दिनेश्वर मिश्र, ललनप्रसाद राउत, कमल कुमार मण्डल, सत्यनारायण मण्डल, प्रधानाध्यापक रामप्रसाद यादवसहितकाले अपराध न्युनिकरण बारे सुझाव दिएका थिए ।

तिलाठी कोइलाडी गाउँपालिकाका उपाध्यक्ष फुल कुमारी साहले स्वागत गरेकी कार्यक्रममा गाउँपालिकाका कार्यक्रम अधिकृत राजेश कुमार झाले संचालन गरेका थिए ।

## हात्तीको आक्रमणबाट वृद्धको मृत्यु

सुनसरी, २६ पुस (रासस) ।
सुनसरीको बराहक्षेत्र नगरपालिका-५ स्थित सिमरवन जङ्गल नजिक हात्तीको आक्रमणबाट बिहीबार एकजनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार स्थानीयवासी ६९ वर्षीय भीमबहादुर विष्टको मृत्यु भएको हो ।

जङ्गलबाट घाँस लिएर आइरहेका उहाँमाथि हात्तीले आक्रमण गरेको थियो । प्रहरीका अनुसार उहाँको घटनास्थलमै मृत्यु भएको हो । विष्टको शव परीक्षणका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको छ ।

## *पत्रकार राई...*

तथा आजको वातावरण दैनिकका सम्पादक बैजनाथ झाद्वारा स्थापित वातावरणीय पत्रकारिता पुरस्कार राससका राजबिराज संवाददाता अरुण कुमार यादवलाई प्रदान गरिएको छ ।

आयोजित कार्यक्रममा प्रमुख अतिथी मधेश प्रदेश आमसंचार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवलले पत्रकारद्वय राई र यादवलाई उक्त सम्मान प्रदान गरे ।

बिगत दुई दशक देखी पत्रकारीताको माध्यमले समाज उत्थानमा योगदान पुऱ्याए वापत उनीहरुलाई सम्मान गरिएको पुरस्कार छनौट समितीका संयोजक बैजनाथ झाले बताए ।

पत्रकार महासंघ शाखा सप्तरीका सभापति श्रवण कुमार देवको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य ललिता साह, पत्रकार महासंघका पूर्व अध्यक्षहरु बैजनथा झा, मुरली प्रसाद यादव, धिरेन्द्र प्रसाद साह, प्रेस काउन्सीलका पूर्व सदस्य एवं वरिष्ठ पत्रकार अनिलकुमार अनल, प्रेस काउन्सीका पूर्व सदस्य देवराम यादव, प्रेस युनियनका सभापति बिनयलाल कर्ण, प्रेस मञ्चका अध्यक्ष भुषण कुमार सिंह, प्रेस सेन्टरका अध्यक्ष दिनानाथ यादव, प्रेस चौतारीका अध्यक्ष डम्बर राई, समाजवादी प्रेस संगठनका सतिश कुमार दत्त, महासंघका सल्लाहकार मनोहर कुमार पोखरेललगायतले स्व. पत्रकार बुढाथोकीको जिवनी बारे प्रकाश गर्दै पुरस्कृत पत्रकारहरुलाई शुभकामना दिएका थिए ।

सप्तरीलाई कार्यक्षेत्र बनाएर निर्भिक, निडर तथा निश्पक्ष पत्रकारिता गर्दै आएका बुढाथोकीको २९ बर्षअघि रहस्यमय मृत्यु भएको थियो । हालसम्म पनि उनको मृत्युको रहस्य भने खुल्न सकेको छैन् । स्व. पत्रकार बुढाथोकीको स्मृती एवं सम्मानमा पत्रकार महासंघ शाखा सप्तरीले प्रत्येक वर्ष उनको स्मृति दिवसको अवसर पारेर सप्तरीका एक जना पत्रकारलाई सम्मानित गर्दै आएको छ ।

## निर्वाचन समिति, २०८० को कार्यालयको सूचना

**विषय : निर्वाचन कार्यक्रम संशोधन गरिएको सम्बन्धमा ।**

यस निर्माण व्यवसायी संघको विधानको धारा ११ र धारा १८ बमोजिम संघको बर्ष २०८०-२०८२ को कार्यकालको कार्यसमिति गठन गर्न यस निर्वाचन समितिको कार्यालयको च.नं. ०५/०८०/८१ मिति २०८०/०९/२० को सूचना अनुसार प्रकाशित निर्वाचन कार्यक्रम अन्तर्गत मिति २०८०/०९/२५ गते मतदाता नामावली प्रकाशन गर्नु पर्नेमा निर्माण व्यवसायी संघ, सप्तरीको मिति २०८०/०९/२२ च.नं. २५५/०८०/०८१ को पत्रबाट आग्रह भए अनुसार संघको वैध सदस्यको नामावली मिति २०८०/०९/२९ मा पठाईने भएकोले पूर्व प्रकाशित निर्वाचन कार्यक्रमको द्रष्टव्यको बुँदा नं ७ अनुसार अर्को सूचना २०८०/१०/०१ मा प्रकाशन हुने गरी निर्वाचन कार्यक्रममा संशोधन गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**राम अशिष प्रसाद साह**
**प्रमुख निर्वाचन आयुक्त**
**निर्वाचन समिति, २०८०, निर्माण व्यवसायी संघ**
**सप्तरी, राजविराज**

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## बालविवाह विरुद्ध अपील
## “बालविवाह जिन्दगी तबाह”

**बालविवाह के हो ?**
महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**
१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**
मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**
**खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*